नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

# विज्ञप्ति

नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालज्यूको संयोजकत्वमा यही असोज ११ र १२ गते अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानजन्य विपद्को व्यवस्थापनका सम्बन्धमा संवत् २०८१ साल असोज १४ गते सचिव बैठक सम्पन्न भई खोज, उद्धार, राहत, उपचार र पुनर्स्थापना सम्बन्धी कार्यलाई आपसी समन्वयमा तीव्रता दिने निर्णय गरियो।

बैठकमा अविरल वर्षाका कारण आएको बाढी, पहिरो तथा डुवानमा परी ज्यान गुमाउने सम्पूर्ण मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गरिएको थियो। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरियो। बैठकमा निकायगत रूपमा जिम्मेवारी किटान गरी विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको छ।

गृह मन्त्रालयको समन्वयमा खोज, उद्धार र तत्काल राहत उपलब्ध गराउने; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले आपसी समन्वयमा बाटोमा अलपत्र परेका यात्रुहरूलाई गन्तव्यमा पुऱ्याउने आवश्यक व्यवस्था मिलाउने; घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्ने; विपद् प्रभावित क्षेत्रमा हैजा, डेंगीजस्ता रोगहरू फैलिन नदिन स्थानीय तहलाई आवश्यक उपायहरू अवलम्वन गर्न अनुरोध गर्ने र सोको समन्वय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने; विस्थापित वा घरवारविहीन परिवारको लागि खाद्यान्नको व्यवस्था गर्न तथा अस्थायी आवास निर्माणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा प्रभावित प्रदेश तथा स्थानीय तहहरूमार्फत राहत रकम उपलब्ध गराउने र सोको लागि आवश्यक बजेट अर्थ मन्त्रालयले विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिने; अवरुद्ध राजमार्गहरू यथाशीघ्र खुलाई आवागमन सहज बनाउन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले आफ्ना सम्पूर्ण संयन्त्र परिचालन गर्ने; नेपाली सेनाको प्राविधिक सहयोगमा आवश्यक स्थानमा बेलिब्रिज राख्ने व्यवस्था गर्ने; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विपि राजमार्ग (काठमाण्डौ-सिंधुली-वर्दिवास) सञ्चालनमा नआउन्जेलका लागि वैकल्पिक रुट पहिचान गरी यथाशीघ्र सार्वजनिक गर्ने; पृथ्वी राजमार्ग र कान्ति राजपथ यथाशीघ्र सञ्चालन गर्ने व्यवस्था मिलाउने; बाढी प्रभावित क्षेत्रमा विद्युतको तत्काल आपूर्तिको व्यवस्था नेपाल विद्युत प्राधिकरणले गर्ने; ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले क्षति पुगेका विद्युतका स्थायी संरचनाहरूको पुनर्स्थापनाका लागि आवश्यक योजना तथा कार्यक्रम एक महिनाभित्र तयार गरी कार्य अगाडि बढाउने; बाढी पहिरो तथा विपद् प्रभावित क्षेत्रमा खानेपानीको प्रवन्ध खानेपानी मन्त्रालयले गर्ने; सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अवरुद्ध टेलिफोन सेवा, मोवाईल सेवा र इन्टरनेट सेवा एक हप्ताभित्र पुनर्स्थापना गराउने निर्णय गरिएको छ।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

यसका अतिरिक्त विपद्बाट भएको क्षतिको यकिन विवरण तयार गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा यथाशीघ्र पठाउन सम्बन्धित स्थानीय तहहरूलाई अनुरोध गर्ने र यसरी प्राप्त विवरणका आधारमा स्थायी संरचना निर्माण तथा सञ्चालनको कार्ययोजना तयार गरी कार्यान्वयनको व्यवस्था गर्ने तथा तत्काल राहत, उद्धार लगायतका सन्दर्भमा प्रदेश, स्थानीय तह र सम्बद्ध पक्षसँग समन्वय र सहजीकरण गरी तत्काल समस्या समाधान गर्ने प्रयोजनका लागि बढी क्षति देखिएका काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र सिन्धुली लगायतका जिल्लामा गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा स्थलगत अनुगमन टोली तत्काल खटाउने एवं हाल भएको बाढी पहिरोबाट प्रभावित घर परिवारहरूको राहतका लागि विशिष्ट श्रेणीका पदाधिकारीहरूको पाँच दिनको तलब बरावरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने र निजामती तथा अन्य सरकारी सेवाका राष्ट्रसेवक कर्मचारीहरूलाई सहयोगका लागि समेत आह्वान गर्ने निर्णय गरिएको छ।

बैठकमा नेपाल सरकारका सचिवहरू, काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरु, सुरक्षा निकाय प्रमुखहरु र विभागीय प्रमुखहरूले विपद्बाट पुगेको क्षति, उद्धार र राहत उपलब्ध गराउने तथा सडक अवरोध खुलाउने लगायतका कार्यमा भएको प्रगति र देखिएका समस्याको बारेमा निकायगत रूपमा विवरण प्रस्तुत गर्नुभएको थियो।

संवत् २०८१ असोज १४ गते, सोमबार

प्रेमप्रसाद आचार्य
सहसचिव/ प्रवक्ता